### विचारसार र सूक्तिहरू

**तिमीलाई शान्ति चाहिन्छ भने न्यायका लागि सङ्घर्ष गर ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# कोरोना उहिले र अहिले

**चार वर्ष अघि संसारै ठप्प पारेको कोरोनाको नयाँ भेरियन्टले अहिले फेरि दुई ठूला देशबीचमा रहेको हाम्रो देश नेपालमा त्रासदी फैलाउँदैछ । जनसङ्ख्या र आर्थिक समृद्धिमा विश्वमा दोस्रो स्थानमा रहेको चीन र विश्वमैं सबैभन्दा बढी जनसङ्ख्या रहेको भारतमा अहिले कोरोनाको नयाँ भेरियन्टका सङ्क्रमितहरू देखिएका छन । जनसङ्ख्यामा धनी भारत र चीनको बीचमा रहेको हाम्रो देश भने चीनभन्दा बढी नजीकको सम्बन्ध भारतसँग छ । सामाजिक, आर्थिक, धार्मिक, सांस्कृतिक सम्बन्ध भारतसँग बढी छ भने उत्तरबाहेक पूर्व, पश्चिम र दक्षिण सीमा भारतसँग जोडिएका छन् । करीब साढे १७ सय किलोमिटरको भारतसँग खुला सीमा सम्बन्ध छ । सीमा खुला भएपछि आवागमन पनि खुला छ । पछिल्लो समय खुला सीमाबाट आवागमनमा भने केही सामान्य कडाइ अपनाइएको छ । खासगरी नेपालमा जनयुद्ध शुरू भएपछि र नेपालको बाटो भारतविरुद्ध पाकिस्तानी गतिविधि बढेको भन्ने भारतीय बुझाइएका कारण परिचय खुल्नेगरी दुवै देशका नागरिकहरूलाई आवागमनको व्यवस्था गरिएको छ ।**

**नेपालमा भारतीयहरू पैदल, सवारीसाधन र हवाई माध्यमबाट भित्रिने गरेका छन् भने नेपालीहरू पनि पैदल, साना सवारीसाधन, रेल, बस र हवाई माध्यमबाट भारत जाने गरेका छन् । पैदल मार्गको प्रयोग सीमावर्ती क्षेत्रका मानिसहरूले गर्छन्, जुन अहिलेसम्म परिचयपत्रविना आवागमन हुँदै आएको छ । पैदलबाहेकका यात्रा गर्नेहरूका लागि भने परिचय खुल्ने पत्र आवश्यक हुन्छ । खुला सीमा र आवागमनका कारण नेपाललाई भारतबाट र भारतलाई नेपालबाट बेलाबखतमा समस्या हुने गरेको छ । समस्या आएसँगै त्यसको निराकरणका उपायहरूको अवलम्बन पनि गरिन्छ । अहिले कोरोनाको नयाँ भेरियन्ट भारतबाट नेपाल प्रवेश नगरोस् भन्नेतर्फ नेपालका तीनै तहका सरकार सक्रिय भएका छन् । खुला सीमाबाट नेपाल प्रवेश गर्नेहरूको स्वास्थ्य निगरानी फेरि शुरू भएको छ । कोरोनाको पहिलो भेरियन्ट शुरू भएको बखत २०७६ चैतदेखि नेपालमा लकडाउनसहित खुला सीमाबाट प्रवेश गर्नेहरूको स्वास्थ्य परीक्षण शुरू गरिएको थियो । कोरोनाको सुरुआतका दिनमा स्वास्थ्य परीक्षणमा पनि निकै समस्या थियो । अहिले त्यस्तो अवस्था छैन । कोरोनाको खोपसमेत नबनेको र यसबारेमा खासै जानकारी नभएकोले उतिखेरको जस्तो जोखिमपूर्ण अवस्था अहिले भने छैन । त्यसैले नयाँ भेरियन्ट नभित्रियोस् भन्नेतर्फ स्वास्थ्य कार्यालय, स्थानीय पालिका र प्रशासन अहिले सक्रिय हुन सकेका छन् ।**

**सुरुआतमा स्वास्थ्यकर्मी तथा स्थानीय प्रशासनमा पनि यस प्रकारको चुस्तीफुर्ती थिएन । आफैं कारोनाको शिकार हुने त होइन भन्ने डरभयले हेल्थ डेस्कमा कतिपय स्वास्थ्यकर्मीहरू खट्दैन थिए । अहिले कोरोनाको नयाँ भेरियन्ट प्रवेश नगरोस् भनेर महानगरपालिकाले सञ्चालनमा ल्याएको शङ्कराचार्यद्वारमा आठजना स्वास्थ्यकर्मीको टोली पुसको सुरुआतदेखि नै तैनाथ भइसकेका छन् । तीन/चार जना सङ्क्रमित पनि फेला परेका छन् । तर कोरोनाकालमा नै सङ्क्रमितहरूका लागि बनाइएको होल्डिङ सेन्टर अहिलेसम्म प्रयोगमा आउन सकेको छैन । वीरगंज भन्सार क्षेत्रमा बनाइएको एक हजार शय्याको होल्डिङ सेन्टर प्रयोगमा आउने कुरामा पनि आशङ्का छ किनभने कोरोनाको कहर त्यति सारो बढेको छैन ।**

# राष्ट्रिय मेलमिलाप दिवसको निहितार्थ

स्वतन्त्र विचार



विनोद गुप्ता

**पहिलो कालखण्डमा विपीले मेलमिलाप गरे- राष्ट्रियता जोगाउनस दोस्रो कालखण्डमा पनि मेलमिलापबाट नै राजनीति चलेको छ तर कुर्सी अर्थात सत्ता जोगाउन । दोस्रो कालखण्डमा त झन् राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय मेलमिलापसमेत स्वछन्दरूपले चलिरहेको देख्न पाइन्छ ।**

पञ्चायतकालमा बढ्दो वैदेशिक चलखेलका कारण दबाबमा परेका राजाले २०१३ सालतिर सम्पूर्ण नेपालीलाई बैरभाव त्यागगरी राष्ट्र उत्थानको लागि हातेमालो गर्न आह्वान गरेका थिए । त्यसलाई नेपाली जनमानसले बेलायतमा अध्ययन गरेका राजाको सोच फराकिलो रहेकोले पञ्चायतलाई उदार स्वरूप दिन यस्तो आह्वान भएको भनेर अर्थ्याएको पाइन्छ । सन् १९७२ मा म कामविशेषले दिल्ली जानुपर्ने भयो र यो कुरा त्यस बेलाका महेन्द्र आरोग्य भवनका मेसु डा. पीताम्बर झाले आफ्नो एउटा पत्र काङ्ग्रेसका राज्यसत्ता सदस्य गुणानन्द ठाकुरसम्म पुऱ्याइदिन अन्हाएकाले त्यस कार्यको लागि उनको निवासमा भेट्न जाँदा त्यही विपी कोइरालासँग भेट भएकोमा उनले वीरगंज र यहाँका त्यस बेलाका चर्चित काङ्ग्रेसीहरूको हालचालका साथै विशेषगरी त्यस बेला वीरगंजमा वकालत गरिरहेका शङ्कर घिमिरेबारे जानकारी लिइसकेपछि मसँग त्यस बेलाका नेपालका प्रम तुलसी गिरी दिल्लीमा रहेको र इन्दिरा गाँधीबाट भारतमा सङ्कटकाल घोषणा भइसकेकोले नेपालमा कुनै पनि किसिमको उदार कदम नचाल्ने सहमति बनिसकेकोले साथीहरूमार्फत यो समाचार पुऱ्याइदिन भनेका थिइ । भयो पनि ठीक त्यस्तै । त्यसलगत्तै बीपी र गणेशमानजीले २०३३ पुस १६ गते नेपाल फर्कने निधो गरेका थिए ।

यो निर्णय पछाडि सम्पूर्ण दक्षिण एशियामा त्यस बेला शुरू भइरहेको परिवर्तनको लहर थियो भने भारतमा इन्दिरा गाँधी नेतृत्वको सरकारले नेपाली काङ्ग्रेसका नेताहरू माथि बढाउँदै लगेको अङ्कुश थियो । यो अवस्थामा कि नेपालमा बसेर सशस्त्र विद्रोहको निर्णय लिनुपर्ने वा नेपालमा बसेर राजनीति गर्ने दुई विकल्प मात्र सामुन्ने थियो । दुवैमा मृत्युको भय त थियो तर दोस्रो विकल्पमा अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल हुँदै गएको थियो । सफलताको सम्भावना पनि थियो । त्यसैले विपीले मेलमिलापको नीति रोजेका हुन् ।

उनको यो घोषणापश्चात् २०३३ साल पुस १४ गतेका दिन भारतीय प्रधानमन्त्री इन्दिरा गाँधीको कार्यालयबाट पिएमका एकजना सन्देशवाहक विपीलाई भेट्न आइपुगे र भारतीय प्रधानमन्त्री स्व. इन्दिरा गाँधीको सन्देश सुनाउँदै भने- नेपालमा तपाईंको ज्यानलाई खतरा छ, त्यहाँ जानु राम्रो हुँदैन बरु नेपालको रक्षा र परराष्ट्र हामीले हेर्नेगरी मान्नुभयो भने तपाईंलाई राष्ट्रपति वा प्रधानमन्त्री बनाउन म्याडम वचनबद्ध हुनुहुन्छ । दूतलाई जवाफ फर्काउँदै विपीले भनेका थिए- हो म मारिन सक्छु तर यहाँ पनि तपाईहरूले स्लो पोइजन दिएर मारि नै राख्नुभएको छ । म आफ्नै देशमा मर्छु । यस घटनाको दुई दिनपछि नै अर्थात् पुस १६ गते उनी नेपाल फर्के । उनलाई जेलमा राखियो । माननीय न्यायाधीश जनकमान श्रेष्ठको विशेष अदालत गठन भयो र त्यस इजलासमा विपीले प्रस्टरूपमा आफ्नो आह्वानबाट प्रेरित भएर प्रजातन्त्र स्थापनाको लागि गरेको हरेक कामको नेपाली काङ्ग्रेसका नेताको हैसियतमा मेरो नैतिक जिम्मेवारी हो भनेर बयान दिएकोमा माननीय न्यायाधीशको इजलासबाट नेपालको कानून अनुसार प्रतिबन्धित रहेको दलको नेता हुँ भनेर नैतिक जिम्मेवारी स्वीकार गर्नुलाई कानूनसम्मत मान्न नमिल्ने आधार देखाउँदै जेलमुक्त गर्ने आदेश भएको थियो । यी दुवै घटनाको अध्ययन मात्रले विपीको व्यक्तित्वलाई देखाउँछ । विपीको नेपाल बसाइकै दौरान जनमत सङ्ग्रह भयो, सुधारिएको पञ्चायत कसरी जित्यो, त्यो सबैलाई थाहा छ र बहुदल हाऱ्यो । उनले आफ्नो कार्यकर्ताको विरोधको बावजूद हारलाई सहर्ष स्वीकार गरे ।

२०४६ सालमा नेपाली काङ्ग्रेसको नेतृत्वमा दोस्रो जनान्दोलन भयो । सफल भयो, सत्ता प्राप्त भयो, संविधान पनि बन्यो तर २०४९ साल पुग्दापुग्दै काङ्ग्रेस नै ७६ र ३८ मा विभाजित भयो । त्यसपछि शुरू भएको मिलिजुली सरकारको परम्परा आजसम्म चलिरहेको छ । यो मिलिजुली सरकार चलाउने परम्पराले नेपाली राजनीतिमा यति गहिरो जरा गाडेको छ कि डा बाबुराम भट्टराई र डा अमरेशकुमार सिंहको भनाइलाई आधार मान्ने हो भने सत्तापक्ष र विपक्ष दुवैले मिलेर बुढीगण्डकी र पोखरा विमानस्थलमा कमिशन खाएका हुन् ।

यस्तो परम्परा विकसित नभएको भए प्रायः राजनीतिमा सत्तापक्ष जहिले पनि विपक्ष सरकारमा आएको बेला गरेको काम कारबाईमा भ्रष्टाचार खोजेर मुद्दा चलाउने दक्षिण एसियाली देशको परम्पराविपरीत धमिजादेखि सुन प्रकरणसम्म आइपुग्दा फाइल खडा हुने तर मुद्दा नचल्ने परम्पराले कतै न कतै दुवै माननीयहरूको कथनमा सत्यता छ भनेर विश्वास गर्न कर लाग्छ । नैतिक राजनीतिको चरमबिन्दु त के भने एमालेले सत्ता गठबन्धनसँग राष्ट्रियसभामा तीनवटा सिट दिएर टिआरसी विधेयकमा सघाउने विचार राख्न पुगेको छ । यसको अर्थ छ सिट पाए विधेयक नराम्रो भएपनि पास गर्ने र नपाए राम्रो भएपनि सहयोग नगर्ने अर्थ लाग्छ । यो कुन स्तरको राजनीति हो ?

अब नेपालको इतिहासलाई राजनीतिको सेरोफेरोमा राखेर २००७–२०४८ र २०४९ देखि हालसम्मको दुई खण्डमा विभाजित गर्दा पहिलो खण्ड नैतिक राजनीति र दोस्रो खण्ड अनैतिक राजनीतिको रूपमा बुझ्न सकिन्छ । पहिलो कालखण्डमा विपीले मेलमिलाप गरे- राष्ट्रियता जोगाउन; दोस्रो कालखण्डमा पनि मेलमिलापबाट नै राजनीति चलेको छ तर कुर्सी अर्थात सत्ता जोगाउन । दोस्रो कालखण्डमा त झन् राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय मेलमिलापसमेत स्वछन्दरूपले चलिरहेको देख्न पाइन्छ । यहाँ अमेरिका, इयु र भारत सबैले आआफ्नो स्वार्थका लागि स्वतन्त्ररूपमा काम गर्न पाइरहेका छन् । के दुवै मेलमिलाप एकैथरीका हुन् ? मेलमिलाप बुझाउने अन्य शब्दहरूमा सहमति, सद्भाव, समन्वय, सहिष्णुता, समझदारी, सम्झौता र सहअस्तित्व पर्छन् । यसमध्ये पहिलो र दोस्रो कालखण्डको मेलमिलापलाई कुन निकटार्थी शब्दले सम्बोधन गर्नु उपयुक्त होला यसमा म अलमलिन पुगेको छु । सम्बन्धित क्षेत्रका विशेषज्ञहरूले मेरो अन्योल हटाइदिने अपेक्षा राख्दछु ।

म व्यवस्थापन विज्ञानको विद्यार्थी भएको नाताले अहिले विश्वमा एलफाइभ नेतृत्व–शैली चलिरहेको मान्दछु । यस शैलीमा नेताको एउटा मात्र गुण हेरिन्छ– असफलताको जिम्मेवारी आफैं बोक्ने र सफलताको लागि सबैलाई जस दिने । यो नेतृत्व शैली सन् २००० पछि प्रचलनमा आएको हो तर अध्ययन र माननीय जनकमान श्रेष्ठको इजलासमा विपीले दिएको बयानको आधारमा उनी यो नेतृत्व शैली जन्मिनुभन्दा अगाडिदेखि नै प्रयोग गरिरहेका थिए भन्ने बुझिन्छ । शायद त्यसैले विलक्षण भएर पनि उनलाई हामीले पहिचान दिन सकेनौं । नेतृत्वशैलीको यो मापदण्डमा अहिलेका नेताहरू कुन श्रेणीमा पर्छन् हामी सबैले मनन गर्न र त्यसै अनुरूप आगामी दिनमा कदम चाल्न आवश्यक छ ।

# नागमती बाँधले थप्नेछ बागमतीको सौन्दर्य

काठमाडौं, २ माघ/रासस

काठमाडौं उपत्यकाको सभ्यतासँग जोडिएको बाग्मती नदीको जलप्रवाह बढाएर यसको वातावरणीय सौन्दर्य पुनःस्थापित गर्न अर्को नागमती बाँध (ड्याम) बनाउन लागिएको छ । उपत्यकाको पूर्वोत्तर गोकर्णेश्वर नागरपालिका–१ स्थित शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज क्षेत्रमा धाप बाँधको निर्माण सम्पन्न भएपछि अर्को नागमती बाँध निर्माण प्रक्रिया शुरू गरिएको हो ।

वर्षायाममा खेर जाने पानी सङ्कलन गरेर हिउँदमा बाग्मतीमा पानीको बहाव बढाउने प्रमुख उद्देश्यले बाँध बनाउन लागिएको हो । उपत्यकाको मध्यभागबाट पूर्वतर्फ करीब २१ किलोमिटर दूरीमा निर्माण सम्पन्न भइसकेको धाप बाँध र अब बन्ने नागमती बाँधबीचको दूरी १.८ किलोमिटर हुनेछ । बाग्मती नदीको प्रमुख प्रशाखा नागमती नदीको मूलखर्कमा कुल रु २५ अर्ब लागतमा बन्ने नागमती बाँध आयोजना अन्तर्गत पूर्वतयारीको काम शुरू भइसकेको छ । यो आयोजना एशियाली विकास बैंकको सहुलियत ऋणमा निर्माण हुनेछ । नागमती नदी सुन्दरीजलमा पुगेपछि बाग्मती नदीमा मिसिन्छ ।

आयोजना अन्तर्गत पर्या–पर्यटनको विकास, पानीको व्यवस्थापन, संस्थागत संरचना विकास, बहुउद्देश्यीय बाँध र १.८६ मेगावाट क्षमताको जलविद्युत् निर्माणसमेत गरिने बाग्मती सुधार आयोजना, आयोजना कार्यान्वयन सिंचाइ एकाइका इन्जिनीयर निश्चल छत्कुलीले जानकारी दिए । बाँधको उचाइ ९४.५ मिटर, लम्बाइ ५५३ मिटर र चौडाइ २६० मिटरभन्दा बढी हुनेछ । तालको भण्डारण क्षमता ८.८ मिलियन मिटर क्यूब (एमसीएम) हुनेछ । अमिबाको आकारको यो बाँधस्थल समुद्री सतहदेखि १,९१० मिटर उचाइमा रहेको छ ।

निकुञ्जको करीब ४८ हेक्टर क्षेत्रफलमा जलाशय रहने यो बाँध निर्माणका क्रममा सात हजार रूख र ८५ हजार बुट्यान कटान गरिने छ । उनले बाँध निर्माणका लागि वन तथा वातावरण मन्त्रालयबाट वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) स्वीकृत अन्तिम चरणमा रहेको बताए । “सन् २०२५ जुलाईदेखि आयोजनाको मुख्य भौतिक काम बाँध निर्माण शुरू हुनेछ भने त्यसको एक वर्षदेखि अघि नै रूख कटान र पहुँच सडक निर्माण काम शुरू गरिने छ । आयोजनाको निर्माण अवधि आठ वर्ष तोकिएको छ”–इन्जिनीयर छत्कुलीले भने । यसको मुख्य उद्देश्य बाग्मतीमा प्रवाह गरिने पानीको बहाव ४५० लिटर प्रतिसेकेन्ड (सुक्खा नौ महीना), मेलम्ची खानेपानी पानी प्रशोधन केन्द्रमा ४५० लिटर प्रतिसेकेन्ड (तीन महीना) र जलविद्युत् उत्पादन १.८६ मेगावाट रहेको छ ।

**बाँध आयोजना निर्माणका लागि भएका काम**

आयोजनाको पूर्वतयारीका लागि हालसम्म जापानी अन्तर्राष्ट्रिय सहयोग निकायबाट विभिन्न समयमा उपत्यकामा रहेका जलाधार क्षेत्रमा अध्ययन, बाग्मती कार्ययोजना सन् २००९–२०१४ बाग्मती नदीमा हिउँद याममा पानीको बहाव बढाउने र डेनिस हाइड्रो इन्स्टिच्युटमार्फत धाँप र नागमती बाँधको पूर्वसम्भाव्यता अध्ययन भएको थियो । त्यस्तै मुख्य तयारी अन्तर्गत एशियाली विकास बैंकको ऋण सहयोगमा बाग्मती सुधार आयोजनामार्फत २०१७ मा विस्तृत आयोजना प्रतिवेदन तयार भएको थियो ।

अन्तिम तयारी अन्तर्गत खानेपानी मन्त्रालयबाट टनेल मरम्मत र वर्षायाममा पानी उपलब्ध गराउन अनुरोध भएको, ऊर्जा, जलस्रोत तथा सिंचाइ, शहरी र खानेपानी मन्त्रालयबीच त्रिपक्षीय समझदारीपत्रमा हस्ताक्षर भएको छ । उक्त बाँध भूकम्पीय जोखिमबाट सुरक्षित हुनेगरी ‘कङ्क्रिट फेस्ड रक फिल्ड ड्याम’ (सिएफआरडी) प्रविधिबाट निर्माण हुनेछ । बाँध निर्माणको प्रविधि नयाँ भएको, निकुञ्ज क्षेत्रमा रहेकोले रूख कटान र क्षतिपूर्ति प्रक्रिया, कुल बजेट अन्तर्गत नेपाल सरकारले बेहोर्नुपर्ने हिस्सा, कानूनी र संरचनालगायत विषय यस आयोजनामा चुनौती रहेको उनले बताए ।

बढ्दो शहरीकरण र भूउपयोगमा भएको परिवर्तनका कारण बाग्मती जलाधार क्षेत्र सुक्खा बन्दै गएको छ । अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिका आयोजनाका उपनिर्देशक उद्धव नेपालले प्रतिव्यक्ति पानीको उपलब्धता, पानीको गुणस्तरमा ह्रास भएको, मनसुनी जलवायुका कारण हिउँदमा भूसतहमा रहेको जलस्रोतको उपलब्धतामा कमी भएकोले यस बाँधको आवश्यकता परेको बताए । उनले भने– “भूमिगत जलस्रोतको पुनःभरणमा कमी, भूमिगत जलस्रोतको दोहनमा अत्यधिक चाप पर्न गएको, जलपथान्तरण गरी बाग्मती नदीमा पानीको बहाव बढाउने सम्भावना नभएको र हिउँदमा पानीको बहाव बढाउन वर्षायाममा खेर जाने पानी सङ्कलन गर्नु नै प्रमुख विकल्प रहेकोले यसको आवश्यकता परेको हो ।”

यो बाँध निर्माणपछि बाग्मतीमा सुक्खायाममा पनि नियमित दुई फिट उचाइसम्म पानी बग्ने भएकोले वातावरणीय पारिस्थितिकीय प्रणालीमा सुधार आउने अपेक्षा गरिएको छ । यसैगरी बाँध निर्माणबाट उत्पादन हुने जलविद्युत्, आयोजना अन्तर्गत बनाइने ‘ट्रेल रूट’ बन्ने भएकाले निकुञ्ज क्षेत्रमा रहेको करीब ६ सय स्थानीय घरधुरीको आवातजावत र आर्थिक उपार्जनमा समेत योगदान पुग्ने उनले बताए । नेपालमा वर्षमा चार महीनामात्र मनसुनी वर्षा हुन्छ । यस अवधिमा पर्ने २२५ बिलियन घनमिटर पानी बगेर भारत जान्छ । त्यसमध्ये हाल १५ प्रतिशतमात्र प्रयोग हुने गरेको छ । तसर्थ नेपालमा बन्ने सबै बाँधको मुख्य उद्देश्य वर्षाकै पानी जम्मा गरेर प्रयोग गर्ने हो ।

**बाँध निर्माणले बाग्मतीको वातावरणीय सौन्दर्य प्रवर्द्धन**

नागार्जुन नगरपालिका–१ स्थित शिवपुरी नागार्जुन निकुञ्जको मध्य क्षेत्रमा धाप बाँध निर्माण झन्डै एक वर्ष

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# बिनको परिवारजनलाई आर्थिक सहयोग

प्रस, सिम्रौनगढ, २ माघ/
मङ्सिर २७ गते प्रहरीको गोलीबाट मृत्यु भएका सिम्रौनगढ नगरपालिका–१ ननसगरा ढाँट निवासी लक्ष्मी मुखिया बिनकी पत्नीलाई आर्थिक सहयोग गरिएको छ।

नेपाली काङ्ग्रेस मधेस प्रदेशको कार्यसमितिबाट नगद रु एक लाख २५ हजार प्रदेश सभापति कृष्ण यादवले मृतककी पत्नी रञ्जुदेवी मुखियालाई प्रदान गरेका थिए।


तस्वीरः सौजन्य

प्रदेश सभापति यादवले 'जहाँ अत्याचार हुन्छ, त्यहाँ अवतारले जन्म लिन्छ र निश्चितरूपले त्यहाँको अन्याय, अत्याचार खतम हुन्छ' बताए। उनले नेकाको जड धर्तीदेखि पातालसम्म रहेको र कसैले नेकालाई हल्लाउनसमेत नसक्ने बताए। उनले गोलीकाण्डको छानबीन समितिले एक/दुई दिनमैं प्रतिवेदन बुझाउने बताए।

कार्यक्रममा नेका मधेस प्रदेश उपसभापति चन्द्रशेखरकुमार यादव, सदस्य उपेन्द्रप्रसाद जयसवाल, शर्मिला थापा, नेका बाराका क्षेत्रीय सभापति विजयशङ्कर यादव, नगर सभापति नागेन्द्र साह कानू, रामनरेशकान्त कुशवाहा, मोहन कुशवाहा, लालबाबू कुशवाह, दिनदयाल मुखिया बिन, अरविन्द मुखिया बिन, अवधेश सहनी, रामएकबाल यादवलगायतको सहभागिता थियो।

# अस्पतालमै हराउँछ विरामीको फाइल

चितवन, २ माघ/रासस
भरतपुरको बिपी कोइराला मेमोरियल क्यान्सर अस्पताल आउने बिरामीको नाम दर्ता गरेसँगै कर्मचारीको पहिलो काम हुन्छ, बिरामीको फाइल तयार गर्ने। नाम दर्ता गरेपछि फाइल खोजेर बिरामीलाई परिचयपत्र दिइन्छ। बिरामीका हरेक परीक्षण त्यो फाइलमा थपिँदै जान्छन्। फाइलमा भएको इतिहास (हिस्ट्री) हेरेर चिकित्सकले पटकैपिच्छे थप उपचारका लागि प्रक्रिया अघि बढाउँछन्।


तस्वीरः फाइल

यो फाइल बिरामीले लैजान पाउँदैन, अस्पतालमैं रहन्छ। अर्कोपटक आउँदा पहिला दर्ता गरेको परिचयपत्र हेरेर खोजिन्छ तर यही फाइल अस्पतालबाटै गायब हुन्छ भन्दा अचम्म लाग्छ। यहाँ आउने बिरामीका लागि सबैभन्दा ठूलो समस्या नै फाइल हराउने हो। क्यान्सरका बिरामीका लागि एकपटक आएर उपचार सम्भव छैन। पटकपटक अस्पताल आउने ती बिरामीको फाइल हराएपछि उपचारमैं समस्या हुँदै आएको छ। आउने बिरामीलाई विभिन्न बहानामा दुःख दिएर निजी अस्पताल पठाउने खेल पनि योसँगै जोडिने गरेको पीडितको गुनासो थियो।

उपचारका लागि सासू लिएर आएकी सर्लाहीकी मञ्जु पौडेल अघिल्लोपटक उपचारका पछि छोडिएको फाइल खोज्दै अस्पतालमा भौंतारिँदै थिइन्। उनले गुनासो गरे, "एक महीनाअघि उपचार गरेर फाइल यही छोडेर गइयो तर अहिले भेटिएकै छैन। रेकर्ड शाखामा गयो चिकित्सकको कार्यकक्षमा पुगेको छ भन्छन्, तर यहाँ आयो उतै होला भन्छन्।"

७३ वर्षीया सासू राधिकाकुमारी सापकोटाको उपचारका लागि अस्पताल आइरहनुपर्ने र यहाँ फाइल नभेटिने समस्या सधैं हुने गरेको उल्लेख गर्दै मञ्जुले भनिन्, "बिहान ५ बजे टोकन लिएपछि ७ बजे टिकट काटेर बिरामी लिएर आउँदा फाइल नै हराउँछ। कस्तो गैरजिम्मेवारपन हो यो।"

अस्पतालले बिरामीको रेकर्ड फाइल अस्पतालमैं सुरक्षित छोड्न भन्दै आए पनि अब फाइल नभेटिए केका आधारमा उपचार शुरू गर्ने ? यस्तो लापरवाहीले त जनताले सास्ती पाउने उनले बताइन्। मञ्जु मात्रै होइन कपिलवस्तुबाट उपचारका लागि आएकी ५८ वर्षीया सानीमाया कुँवर आफ्नो फाइल हराएपछि फोटोकपी गरेर राखेको कागजले उपचार गराइरहेको बताइन्। उनले भनिन्, "यसअघि आउँदा मेरो फाइल हराएकोले मैले फोटोकपी गरेर राखेको थिएँ, त्यसैका आधारमा उपचार गराइरहेकी छु।"

लामो समयदेखि पाठेघरको क्यान्सरको उपचार गराउँदै आएकी उनले फाइल हराउने र समयमा उपचार नपाउने यस अस्पतालको विशेषता नै भएको बताइन्। सानीमायाले भनिन्, "उपचारको लागि टाढाबाट आउनुपर्छ। यहाँ आउँदा कहिले के भन्छन् कहिले के। हामीले निकै सास्ती पाउने गरेका छौं।"

अस्पतालका कर्मचारीहरूको रूखो बोलीका कारण झनै समस्या बन्ने गरेको, उपचार राम्रो भएपनि केमो दिनुपर्ने बिरामीले पालो कुर्नुपर्ने, केमो अस्पतालमा नपाएर बाहिरबाट किन्नुपर्नेजस्ता समस्या हुनाका साथै सक्कल रिपोर्ट कार्ड हराउँदा उपचारमा समस्या हुने गरेको उनको गुनासो थियो।

तनहुँबाट उपचारका लागि अस्पताल आएकी जमुना न्यौपाने अस्पतालका कर्मचारीको व्यवहारका कारण बिरामीले दुःख पाउने गरेको बताइन्। उपचारका लागि आएको पाँचदेखि सात दिनसम्म रोकिनुपर्ने उनको भनाइ थियो। पाँच वर्षदेखि जिब्रोको क्यान्सरको उपचार गराउँदै आएकी जमुना अस्पतालमा छोडिएको फाइल हराउनु, समयमा उपचार नपाउनुजस्ता समस्याले सास्ती बेहोर्नुपरेको गुनासो गरिन्।

अस्पतालका उपनिर्देशक डा उमेश नेपालले बिरामीको फाइल हराउने गुनासो आएको स्वीकारे। विभागका चिकित्सकहरूकहाँ गएका कतिपय फाइल कर्मचारीले रेकर्ड शाखामा नबुझाउँदा समस्या हुने गरेको भन्दै उनले पूरै हराउने भन्ने नहुने जिकिर गरे। उपनिर्देशक नेपालले आन्तरिक फाइल राख्ने प्रणालीलाई चुस्त बनाउनुपर्ने अवस्था देखिएकाले अब सुधार्ने बताए।

अस्पतालमा नेपालभरका साथै भारत र बङ्गलादेशबाट समेत क्यान्सरका बिरामी उपचारका लागि आउने गर्छन्। एशियाको नमूना अस्पतालका रूपमा बनाइएको यस अस्पतालमा पछिल्ला वर्षहरूमा प्रशासनिक प्रणालीमा कमजोरी हुँदै जाँदा बिरामीले समयमा उपचार नपाउने, निजी अस्पताल र क्लिनिकमा जान बाध्य हुनेजस्ता समस्या भोग्नुपरिरहेको छ।

# टेक्सासमा थारू समाजले नयाँ वर्ष मनायो

प्रस, सेढवा, २ माघ/
संयुक्त राज्य अमेरिकाको टेक्सास राज्यमा टेक्सास थारू समाजले थारू संवत् २६४८ मनाउनुका साथै दोस्रो साधारणसभा सम्पन्न गरेको छ।

संस्थाका कार्यवाहक अध्यक्ष शशिकपूर चौधरीको अध्यक्षता तथा थारूविज्ञ प्रेमनारायण चौधरीको प्रमुख आतिथ्यमा नयाँ वर्ष र साधारणसभा मनाइएको थियो।


तस्वीरः सौजन्य

कार्यक्रममा दीपक दीप, करिश्मा चौधरी, दिनेश चौधरी, दिव्या अनुपमा चौधरी र महेश चौधरीले सांस्कृतिक कार्यक्रम, गीत, कविता प्रस्तुत गरेका थिए।

संस्थाका पूर्वसचिव राम चौधरीले स्वागत गरेका थिए भने माघीबारेमा पब्लिक स्पिकिङका उत्प्रेरक सान्भी चौधरी र खगेन्द्र चौधरीले प्रकाश पारेका थिए।

कार्यक्रममा आर्थिक सल्लाहकार योग चौधरी, मधेसी समाज डिएफडल्लुका अध्यक्ष बिर्जेन्द्र शाह, नेपाली सांस्कृतिक तथा आध्यात्मिक केन्द्रका सचिव दिनेश ज्ञवाली, नेपाली समाज टेक्सासका अध्यक्ष राजेन्द्र वाग्लेलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण नेत्रसागर चौधरीले गरेका थिए।

साधारणसभाले सचिव राम चौधरीको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको छ। समितिको वरिष्ठ उपाध्यक्ष शशिकपूर चौधरी, उपाध्यक्ष मनीषा चौधरी, महासचिव नेत्रसागर चौधरीलगायत रहेका छन्। कोषाध्यक्ष, सचिव मनोनीत गरिने निर्वाचन संयोजक सुशील चौधरीले बताए।

# कृत्रिम गर्भाधानबाट तिम्ल्याहा शिशुको जन्म

प्रस, वीरगंज, २ माघ/
वीरगंजको सूर्य हस्पिटल प्रालिमा कृत्रिम गर्भाधानबाट तिम्ल्याहा शिशुको जन्म भएको छ।

आज पत्रकार सम्मेलन गरेर हस्पिटलकी सञ्चालिका डा मोनिका सिंह यादवले अस्पतालमा आइबिएफ (कृत्रिम गर्भाधान सेवा) शुरू भएको एक वर्षपछि हिजो तिम्ल्याहा जन्मेको र स्वस्थ रहेको बताइन्। दुईजना छोरी, एकजना छोरा जन्मिएको र उनीहरूको स्वास्थ्य अवस्था सामान्य रहेको डा मोनिकाले बताइन्।

# विन्ध्यवासिनी पूर्णखोप गापा घोषणा

प्रस, परवानीपुर, २ माघ/
विन्ध्यवासिनी गाउँपालिका मङ्गलवार पूर्णखोप घोषणा भएको छ।

प्रसौनीभाठास्थित मसरुर पब्लिक स्कूलमा आयोजित समारोहमा जिल्ला समन्वय समिति, पर्साका सभापति एवं जिल्ला खोप समन्वय समिति, पर्साका संयोजक निरञ्जनसाह सोनार र प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले संयुक्तरूपमा पूर्णखोप घोषणा गर्दै गापा अध्यक्ष प्रमोद तिवारीलाई प्रमाणपत्र हस्तान्तरण गरेका थिए।


विन्ध्यवासिनी गापा पूर्णखोप घोषणा कार्यक्रममा प्रमाणपत्र प्रदान गर्दै। तस्वीरः प्रतीक

कार्यक्रममा खोप समितिका संयोजक सोनारले पर्साका १४ वटा पालिकामध्ये १२औं नम्बरमा विन्ध्यवासिनी गापा पूर्णखोप घोषणा भएको र अब माघको अन्तिम साता धोबिनी र कालिकामाई गापा पनि पूर्णखोप गापा घोषणा गर्ने तयारी भइरहेको बताए। उनले आगामी चैत मसान्तसम्म पर्सा पूर्णखोप जिल्ला घोषणा गर्ने तयारी भइरहेको बताए।

घोषणाको लागि पुस २६ गते सर्वेक्षण गरी पाँच वर्षमुनिका बालबालिकाहरू कोही पनि खोप लगाउन नछुटेको भेटिएपछि पुस २८ गते पूर्णखोप जिल्ला घोषणाको लागि सिफारिश गरेको थियो।

गापा अध्यक्ष प्रमोद तिवारीले कार्यक्रम २०७१ सालमैं शुरू भएको तर नौ वर्ष ढिला पालिका पूर्णखोप घोषणा भएकामा बालबालिकाको खोप लगाउने अधिकार पालिकामा सुनिश्चित भएको बताए। उनले पूर्णखोप घोषणा मात्रै गरेर नहुने भन्दै यसलाई दिगो रूप प्रदान गर्न पालिकामा जन्मिने बच्चा खोप सेवाबाट नछुटून् भन्नेतर्फ चनाखो हुनको लागि स्वास्थ्यकर्मीहरूले सेवालाई निरन्तरता दिनुपर्ने सुझाए। प्रजिअ भुसालले मानवजीवन र मानव अधिकारको दृष्टिकोणले स्वस्थ बालबालिका हुर्काउन र दक्ष जनशक्ति तयारीको लागि राज्यले खोपमा बर्सेनि करोडौं रकम खर्च गरेको बताए। उनले खोपको पहुँच सबैमा सहज बनाउनुपर्ने बताए। प्रमुख प्रशासकीय अधिकृत राकेश ओझाले पूर्णखोप कार्यक्रम घोषणा भएपछि आगामी दिनमा अन्य व्यवस्थापनको विषयमा पालिका गम्भीर हुने बताए।

कार्यक्रममा जिल्ला समन्वय समिति, पर्साका उपसभापति पुरन पटेल, स्वास्थ्य कार्यालय, पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुर, प्रतिनिधि विनोद झा, खोप वितरण अभियानका मोहनलाल साहलगायतको सहभागिता रहेको विन्ध्यवासिनी गापाका स्वास्थ्य शाखा प्रमुख नरेशप्रसाद चौहानले बताए। सो अवसरमा गापामा कार्यरत ३६ जना महिला स्वास्थ्य स्वयंसेविकालाई छाता र झोला वितरण गरिएको थियो।

# महसूल नतिरेपछि खानेपानी धाराको लाइन काट्ने तयारी

वीरगंज (पर्सा), २ माघ/रासस
नेपाल खानेपानी संस्थानले वीरगंज महानगरपालिकाको सार्वजनिक स्थानमा जडान गरेका २७८ वटा धाराको लाइन काट्ने तयारी गरेको छ। सार्वजनिक स्थानमा जडान गरिएका धाराको महसूलबापतको रकम महानगरपालिकाले भुक्तानी गर्न आनाकानी गरेपछि संस्थानले ती सबै धाराको लाइन काट्ने तयारी गरेको हो।

खानेपानीको मुहान सुकेर पानीको समस्या भएका बेला महानगरपालिकाले महसूल भुक्तानी गर्नेगरी धारा जडान गरिदिन पत्राचार गरेपछि संस्थानले गत २०८० साउनमा वडा नं १ देखि १९ सम्मका विभिन्न सार्वजनिक स्थानमा २७८ वटा धारा जडान गरेको थियो। धारा जडान भएयता महानगरपालिकाले खानेपानी महसूल भुक्तानी नगरेपछि ती धाराको लाइन काट्ने तयारी गरिएको नेपाल खानेपानी संस्थान वीरगंजका प्रमुख इन्जिनीयर निरन महर्जनले जानकारी दिए।

"सार्वजनिक स्थानमा जडान भएका ती सबै धारा जडान लागत तथा मासिक महसूल करीब रु ४४ लाखभन्दा बढी बक्यौता भइसकेको छ," उनले भने, "बक्यौता महसूल बुझाउन गत २०८० असोज २५ गते नै महानगरपालिकालाई पत्राचार गरे पनि अझै महसूल बुझाएको छैन।"

महानगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडलले खानेपानी महसूल बुझाउने प्रतिबद्धता जनाएका र उनको अन्यत्र सरुवा भएपछि यसयता महानगरपालिकाबाट महसूल बुझाउने ठोस प्रतिबद्धता आउन नसकेको जनाइएको छ।

महानगरपालिकाले अब पनि महसूल नबुझाए बाध्य भएर सार्वजनिक स्थानमा जडान भएका धाराको लाइन काट्ने तयारी गरेको प्रमुख महर्जनको भनाइ छ। यस्तै, नेपाल खानेपानी संस्थान वीरगंज पर्साले लामो समयदेखि खानेपानीको महसूल नबुझाउने २३ जना ग्राहकको धाराको लाइन काटेको छ। धाराको पानी उपभोग गर्ने तर महसूल नबुझाउने परिपाटी बढ्दै गएपछि संस्थानले पहिलो चरणमा रु ५० हजारभन्दा बढी बक्यौता राख्ने ५४२ ग्राहकको नाम कालोसूचीमा राखेर धाराको लाइन काट्न शुरू गरेको हो।

महसूल बुझाउन पटकपटक पत्राचार गरे पनि ग्राहकले बक्यौता बुझाउन आलटाल गर्दै आएपछि धाराको लाइन काट्न शुरू गरिएको प्रमुख महर्जनले जानकारी दिए। संस्थानले ग्राहकबाट करीब रु १२ करोड २५ लाख ७९ हजारभन्दा बढी बक्यौता रकम उठाउन बाँकी रहेको जनाएको छ। संस्थानले एउटै ग्राहकबाट रु दुई लाखभन्दा बढीसम्म बक्यौता उठाउनुपर्ने देखिएकाले कालोसूचीमा राखेर सूची प्रकाशन गरी धाराको लाइन काटेरै भएपनि बक्यौता असुल गर्ने योजना बनाएको उनले जानकारी दिए।

खानेपानी उपभोग गरेबापतको महसूल नबुझाउनेमा पूर्वमन्त्री, पूर्वन्यायाधीश, उद्योगी–व्यवसायी, समाजसेवी, विभिन्न दलका नेता, कर्मचारी प्रशासकको नामसमेत रहेको संस्थानका प्रमुख महर्जनले बताए। महसूल नतिर्नेको सूचीमा रहेका व्यक्तिको नाम स्थानीय तहका वडा–वडामा टाँस गरिएको र पटकपटक स्थानीय पत्रिकामा सार्वजनिक गर्दा पनि अझै बक्यौता रकम उठाउन नसकिएको उनको भनाइ छ।

महानगरपालिकाभित्र खानेपानी संस्थानका आठ हजार ग्राहक रहेकामा सात हजारले महसूल तिरिरहेका तर पुरानो बक्यौता रकम उठाउन नसकिएको जनाइएको छ। उनले ताकेता गर्दासमेत रकम उठाउन नसक्ने भएपछि धारा काटैर रकम असुल गर्ने अवस्थामा संस्थान पुगेको बताए।

वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मातृका भट्टराईले आफू भर्खरै सरुवा भएर आएकोले यस विषयमा धेरै कुरा थाहा नभएको बताए। कुल दुई लाख पाँच हजार जनसङ्ख्या रहेको वीरगंज महानगरपालिकाभित्र खानेपानी संस्थानबाट आठ हजार एक सय ग्राहकले नियमित खानेपानीको उपभोग गर्दै आएका छन्।

दैनिक ६०–६५ लाख लिटर खानेपानी उत्पादन गरी वीरगंज महानगर क्षेत्रभित्र वितरण गर्दै आएको खानेपानी संस्थानसँग २० हजार घरधुरीलाई खानेपानी वितरण गर्ने क्षमता रहेको प्रमुख महर्जनको भनाइ छ।

# खाना पकाउने ग्याँसको सिलिन्डर पड्किंदा मृत्यु

चितवन, २ माघ/रासस
पश्चिम चितवनको फूलबारीमा खाना पकाउने ग्याँस सिलिन्डरबाट ग्याँस चुहावट भई पड्किंदा एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा भरतपुर महानगरपालिका–१५ डेरीचोकका ५० वर्षीय मनीष थापा रहेको जिल्ला प्रहरी कार्यालय, चितवनले जनाएको छ।

कार्यालयका प्रहरी नायब उपरीक्षक श्रीराम भण्डारीका अनुसार आफ्नै कोठामा खाना बनाउने क्रममा ग्याँस चुहावट भएर सिलिन्डर पड्किंदा थापाको सोमवार मृत्यु भएको प्रारम्भिक अनुमान गरिएको छ। स्थानीय अविनाश फर्टिलाइजर कम्पनीको हाताभित्र आगलागी भएको हो।

घटनाको थप अध्ययन भइरहेको उनले बताए।

# सांसद्सँग संवादः आफ्नो स्वार्थ पूरा गर्न मात्र राजनीति गर्ने प्रवृत्ति हाबी –बलराम अधिकारी

काठमाडौं, २ माघ/रासस

संसदीय अभ्यास सबै देशमा आआफ्नो किसिमको हुन्छ । देश सञ्चालनको जिम्मेवारी बोकेको सरकारको गतिमा यसको अभ्यास निर्भर रहन्छ। देश सङ्घीयतामा प्रवेश गरेपछि संविधानको मर्म र भावना अनुरूप विभिन्न कानून बनाएर लागू गर्ने विषयमा केही ढिलाइ भएको छ । संसदीय गतिविधि त्यति प्रभावकारी हुन सकेको छैन । प्रतिपक्षको हैसियतमा विधेयक ल्याउन हामीले दबाब दिइरहेका छौं । माघ लागि सक्यो। अझै हिउँदे अधिवेशन प्रारम्भ भएको छैन ।

आगामी संसद्मा पेश गर्न एउटा पनि विधेयक समितिबाट निष्कर्षमा पुगेको छैन। कानूनमार्फत जनताका आवश्यकता परिपूर्ति गर्न सरकारले चुस्त, छरितो र जुन वेगमा काम गर्नुपर्थ्यो, त्यो अनुभूति भएन । प्रतिपक्षले जनताको माग र आवाज सम्बोधन गर्न विभिन्न क्रियाकलाप अँगाल्ने र सरकारलाई दबाब दिनुपर्ने हो, त्यो भने हामीले गरिरहेका छौं ।

प्रतिपक्षले पनि देश र जनताका हितमा सरकारसँग मिलेर काम गर्नुपर्छ। विभिन्न उद्देश्य बोकेका राजनीतिक दल मिलेर परिवर्तन ल्याएका हुँदा कसको भूमिका कस्तो रह्यो भनी हेनु– केलाउनु पर्छ। केवल आरोपमात्रै लगाउन भएन । राजनीतिक व्यवस्था परिवर्तन भए पनि अझै पुरानै कानून लिएर हिंड्नुपरेको छ । यसबाट मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा सोच अनुसार प्रगति हुन सकेको छैन ।

मुलुक गणतन्त्र र सङ्घीयतामा गइसकेपछि आवश्यक कानून बनाएर जनतालाई अधिकार दिनुपर्नेमा त्यसमा अझै कमी छ। त्यस्ता काममा शीघ्रता प्रदान गर्न प्रतिपक्षले निगरानी र दबाब दिनुपर्छ। यसरी अघि बढ्ने सिलसिलामा सहकार्य जरूरी छ। सरकार गठबन्धनको छ। एउटै पार्टीको बहुमत हुने अवस्था छैन । जनताका हितका लागि मिलेर जानुपर्छ भन्ने कोणबाट आएका विषयमा एमालेले सहकार्य गर्दै आएको छ । सहमतिका आधारमा संविधान बनाइएकोले हरेक विषय सहमतिमैं हुनुपर्छ। कानून निर्माण र निर्वाह गर्नुपर्ने अरू दायित्व पूरा गर्न सहकार्यको सम्भावना प्रशस्तै छ।

परिवर्तन नचाहने र सत्ता स्वार्थका


सांसद बलराम अधिकारी

लागि उब्जिएका शक्तिद्वारा पुराना दललाई विभिन्न कोणबाट बदनाम गर्ने चेष्टा भइरहेको छ । हिजोका गलत क्रियाकलाप र अनियमितताको विरोध गर्दा 'लौ एमालेले संसद् रोक्यो' भन्ने गरिएको छ। सुनदेखि ललिता निवास काण्ड उठाएर एमालेले सदन अवरुद्ध गरेको यथार्थ हो। यसको प्रमुख उद्देश्य जनता र देशका हितमा सरकारले सही निर्णयका साथ पाइला चालोस् भन्ने हो। अझै पनि त्यसलाई तदारुकताका साथ अघि बढाएको अवस्था छैन। सदनलाई बिजनेस दिने र सञ्चालनका लागि आह्वान गर्ने जिम्मेवारी हाम्रो होइन, सरकारको हो।

सदन सञ्चालन भए अनियमितता र ढिलासुस्तीका आवाज उठाउँछौं । सिद्धान्त र व्यवहार एक सिक्काका दुई पाटाजस्तै हुन्। सिद्धान्तलाई व्यवहारमा ढाल्ने क्रममा देशको स्थिति र चेतनाको स्थिति तथा सरकारको संरचना उपयुक्त हुनुपर्छ। परिवर्तन एउटै पार्टीले गराएको होइन । जनताले एउटा दललाई मात्र सरकार चलाऊ भनेर जनादेश दिएको छैन। सबै राजनीतिक दलको लक्ष्य, उद्देश्य र व्यवहार फरक भएकोले कसरी अघि बढ्ने भन्ने कुरामा विभिन्न टीकाटिप्पणी उठेका हुन्।

नेपालीले छिटो परिवर्तनको अपेक्षा गर्छन् । हामीले पञ्चायत, बहुदल र गणतन्त्रपछिका विकासको अवस्था हेर्नुपर्छ। अहिले हुँदै भएन भनिन्छ । यसबीच शिक्षा, स्वास्थ्य, सञ्चार, यातायातका क्षेत्रमा भएका परिवर्तनलाई कम आँक्न मिल्दैन । असीमित आवश्यकता र अपेक्षा पूरा गर्न भने सकिएको छैन । व्यवस्थितरूपले परिचालित भई इमानदारीपूर्वक जाने र नीति–नियम बनाउने हो भने छोटै समयमा केही गर्न सकिन्छ । प्रमुख राजनीतिक दल कुनै न कुनै समय सत्तामा गइसकेका छन्। उनीहरूले कुन काम, कसले गरे भनी सञ्चारजगत, सर्वसाधारण र बुद्धिजीवीले विश्लेषण गरी सही कुरा प्रवाह गर्नुपर्छ। सबैलाई सोलोडोलोरूपमा हेर्नुहुन्न ।

दुईखाले निर्वाचन प्रणाली र समावेशी सिद्धान्तलाई आत्मसात गरिएको हुनाले एउटै दल विशेषको बहुमतको सरकार बन्न सक्ने अवस्था रहेन । समानुपातिकलाई कसरी लैजाने र राजनीतिक स्थिरता कायम गर्ने भन्ने कुरा पनि अहिले चर्चामा छ । पार्टी खोलेपछि सरकारमा जान, बार्गेनिङ गर्न, तालमेल गरेर चुनाव लड्न पाइने भएपछि स्वार्थ रहेका र परिवर्तन नचाहने विभिन्न समूह प्राप्त उपलब्धि उल्टयाउन सक्रिय छन् । सो समूहले सरकार र प्रमुख दलविरुद्ध भ्रम फिंजाउन खोजेका छन्। हामीले उनीहरूले लगाएका आरोपलाई चिर्न सबै क्षेत्रबाट निगरानी गर्नुपर्छ।

मुलुकको विकास र समृद्धिका लागि परिवर्तनकारी शक्तिबाट भएका पहल र प्राप्त उपलब्धिको तुलनात्मक अध्ययन जरूरी छ । अहिले सतहमा उफ्रने र स्वार्थ पूरा गर्न चिच्याउने प्रवृत्ति देखिएको छ । आम जनतामा अपेक्षा बढ्नु र आकाङ्क्षा पलाउनु राम्रो भए पनि उपलब्ध स्रोत साधनको अवस्था पनि हेर्न जरूरी छ।

मेरो निर्वाचन क्षेत्र कपिलवस्तुको प्राथमिकता खेतीपातीका लागि सिंचाइ र मलखाद नै हो । शिक्षा र स्वास्थ्य पनि उत्तिकै प्राथमिकतामा छन्। जनता सम्पन्न नभई देशले विकास र समृद्धि हासिल गर्न सक्दैन। नेपालको पर्यटकीय क्षेत्रलाई अघि बढाउने हो भने कपिलवस्तुलाई खुला पर्यटकीय सङ्ग्रहालय क्षेत्र बनाउनुपर्छ। यहाँ बुद्धसँग सम्बन्धित २०० ठाउँ कपिलवस्तुमैं छन्। कपिलधाम, लक्ष्मणघाट, शिवगढीलगायत थुप्रै प्रसिद्ध धार्मिकस्थल छन् । ती सबैलाई मिलाएर खुला सङ्ग्रहालय बनाउनुपर्छ। यसले राज्यलाई आर्थिकरूपमा समेत ठूलो टेवा पुग्छ ।

जनतामा बढेको अपेक्षा र आकाङ्इक्षाले युवा तथा विद्यार्थीलाई विदेश पलायनमा प्रोत्साहित गरेको छ। यसमा अभिभावकको दृष्टिकोण र भावना, आर्थिक स्थिति, विदेशी र नेपाली मुद्राको सटही स्थितिले पनि मलजल गरेको छ । नेपालमा केही दुःख नगर्ने बाहिर जे गर्न पनि तयार हुने हाम्रो बानी छ । रोजीरोटीकै समस्याले पनि कतिपयलाई विदेश जान बाध्य तुल्याएको छ ।

नेपालको संस्कृति र सभ्यताप्रति विश्वकै आकर्षण छ। बरु थोरै खाएर र थोरै प्राप्ति गरेर भए पनि यही काम गर्छु भन्ने भावना सबै तह र तप्कामा जागृत हुनुपर्छ । नियम, कानून त्यही किसिमका र नेतृत्वमा पनि देशको हितमा बोल्ने आँट हुनुपर्छ। त्यसो भएमा समस्या समाधान हुने र नेपाली यही बस्ने वातावरण बन्छ भन्ने लाग्छ ।

–सांसदसँग रासस संवादका लागि नेकपा (एमाले) का सांसद अधिकारीसँग उपप्रमुख समाचारदाता नारायण न्यौपानेले गरेको कुराकानी ।

# नारायणगढ–मुग्लिन सडकखण्डका तीन पुल सञ्चालनमा

भरतपुर (चितवन), २ माघ/रासस

नारायणगढ–मुग्लिन सडकखण्डका तीनवटा पुल सञ्चालनमा आएका छन्। रिग्द्दी, खोर र भोर्ले खोलामा निर्माण सम्पन्न भएका पुल मङ्गलवारदेखि सञ्चालनमा आएका हुन् । यससँगै तीनवटै पुल भएर गाडी गुड्न थालेको नागढुङ्गा–मुग्लिन सडक आयोजना पश्चिम खण्ड (नारायणगढ–मुग्लिन)का सूचना अधिकारी इन्जिनीयर कृष्ण आचार्यले जानकारी दिए। उनले पुलमा एक तह कालोपत्रको काम बाँकी रहे पनि गाडी गुड्न थालेको बताए ।

आचार्यका अनुसार सडकखण्डका १२ वटा पुल सञ्चालनमा आइसकेका छन्। १९ वटा पुलमध्ये पहिलो चरणमा चारवटा पुल निर्माण भएका हुन् । पछिल्लो प्याकेजका १५ वटा पुलमध्ये आठवटा पुल निर्माण सम्पन्न भएका छन्। थप चारवटा पुल दुई महीनाभित्र निर्माण सम्पन्न हुने आचार्यले जानकारी दिए । सडकखण्डको भरतपुर महानगरपालिकामा रहेका सबै पुल चैतभित्र निर्माण सम्पन्न हुनेछन् । यो प्याकेजको अन्तिम म्याद चैत मसान्तसम्म रहेको आयोजना इन्जिनीयर विजय दराईले जानकारी दिए । आठवटा पुलमध्ये तीनवटा पुल निर्माणको काम बाँकी छ। जुगेडी, खहरे र सिमलतालको पुल दुई महीनाभित्र निर्माण सम्पन्न हुने दराईले बताए ।

इच्छाकामनातर्फको पुल निर्माणका लागि एक वर्षको म्याद छ। सात पुलमध्ये दुईवटा पुल सञ्चालनमा आइसकेका छन्। दुईवटा पुलबाहेक सबै पुल असारसम्ममा निर्माण सम्पन्न हुनेगरी काम भइरहेको दराईले बताए । खहरे खोलाको पुल निर्माणको काम भइरहेको छ भने तुइन खोलामा अहिले पुल निर्माणका लागि दिउँसोको समयमा सडक बन्द गरेर पहाड फोर्ने काम भइरहेको छ । अहिलेसम्म १५ मिटर पहाड काटिसकिएको छ । थपिएको समयमा अधिकांश काम सक्नेगरी काम भइरहेको आयोजनाले जनाएको छ ।

यस सडकखण्डमा २०७६ चैतदेखि १५ वटा पुल निर्माणको जिम्मा अनक कन्स्ट्रक्सनले लिएको थियो। विश्व बैंकको सहयोगमा पुल निर्माण गरिएका हुन् । यो सडक हुँदै दैनिक १० हजार हाराहारी सवारीसाधन आवागमन हुने गर्छ। तराईबाट राजधानी प्रवेश र बाहिरिने यो मुख्य सडक हो। केही वर्षअघि सडक विस्तार गरिएपछि पुल फराकिलो बनाइएको हो।


अत्यधिक चीसो बढेपछि पर्सा जिल्लाका विभिन्न पालिकामा दाउरा वितरण गरी आगो ताप्ने व्यवस्था मिलाइएको छ। तस्वीरः धर्मेन्द्र चौरसिया

## फरक समाचार

# औषधि खानुभन्दा अघि वा पछि कफी सेवन गर्नुहुन्छ ?

अधिकांश व्यक्तिको बानी नै परिसकेको छ, बिहान उठ्नेबित्तिकै चिया या कफी पिउने। तपाईं यदि स्वस्थ हुनुहुन्छ भने सामान्यतया एक/दुई कप कफीले कुनै नोक्सान पुऱ्याउँदैन तर यदि तपाईं बिरामी हुनुहुन्छ भने र बिहान उठ्नेबित्तिकै कफी या चिया सेवन गर्नुहुन्छ र त्यसपछि औषधि खानुहुन्छ भने औषधिले कुनै असर गर्दैन । किनभने कफीमा पाइने कैफिनले औषधिको असर नष्ट गरिदिन्छ। एउटा अध्ययन



अनुसार कफीले पेटलाई स्टिमुलेट अर्थात् उद्दीपित गरिदिन्छ, त्यसपछि तपाईंको भोजनको समय बदलिन थाल्छ, तर जब तपाईं कफी पिउनुभन्दा अगाडि या पिएपछि औषधि सेवन गर्नुहुन्छ भने औषधिको एब्जर्शन रोकिन्छ। कफी पिउनाले पेटमा भएको बदलावका कारण औषधिलाई अवशोषित गर्ने जुन रासायनिक द्रव्य चाहिन्छ, त्यो बन्न सक्दैन। यसै कारण औषधि असरहीन हुन्छ।

भारत बेङ्गलुरूका अपोलो अस्पतालमा चिफ क्लिनिकल न्युट्रिशियन डा प्रियङ्का रोहतगीले भनिन्– धेरै प्रकारका औषधिहरू छन्, जसको सेवन गर्नुभन्दा पहिले या गरेपछि तपाईंले कफी वा रक्सी सेवन गर्नुहुन्छ भने त्यसको कुनै असर हुँदैन । केही औषधि एसिडिक मिडियममा कम अशोषित हुन्छ । यो कुरा औषधिमाथि निर्भर हुन्छ। धेरैजसो औषधि असरहीन पनि हुँदैन, तर थाइराइड, कोल्ड, एलर्जी, फ्लू, मधुमेह, अल्जाइमर, अस्टियोपोरोसिस, डिप्रेशन, एन्जाइटी आदि औषधि खानुभन्दा पहिले या खाना खाएपछि कफी या अल्कोहल सेवन गर्नुहुन्छ भने त्यसबाट कुनै फाइदा हुँदैन।

**कफी सेवन गरेपछि यी औषधिहरू हुन्छ असरहीन**

**थाइराइडको औषधि** : थाइराइडको गडबडीको कारण वजन बढ्ने, छाला रूखा हुने, जोर्नी दुख्ने, कपाल झर्ने, अनियमित पिरियडजस्तो समस्या हुन थाल्छ। यदि तपाईं पनि थाइराइडको औषधि खानुभन्दा पहिले या खाना खाएपछि कफी पिउनुहुन्छ भने यो औषधिको असर निकै कम हुन पुग्छ। यसबाट पाचनसम्बन्धी समस्या हुन थाल्छ।

**कोल्ड र एलर्जीको औषधि** : मौसम परिवर्तन भएपछि अधिकांश व्यक्तिलाई कोल्ड र एलर्जीको समस्या हुन थाल्छ जसको लागि उनीहरू औषधि सेवन गर्न थाल्छन् । यसबाट नर्भस सिस्टम सक्रिय हुन पुग्छ । अर्कोतर्फ औषधि सेवन गरेपछि कफी पिउनुहुन्छ भने कफीमा विद्यमान कैफिनले पनि नर्भस सिस्टमलाई सक्रिय बनाउन कार्य गर्छ । जसको कारण नर्भस सिस्टम अतिसक्रिय हुन्छ र नोक्सानको रूपमा बढी बेचैनी हुन थाल्छ, निद्रा लाग्दैन।

**मधुमेहको औषधि**: मधुमेहमा कफीले थोरै नोक्सान पुऱ्याउँछ । रिपोर्ट अनुसार कफी यदि दूध र चिनीसँग बनाइएको छ भने यसबाट ब्लडसुगर बढ्छ। यदि कफीसँगै मधुमेहको औषधि सेवन गर्नुहुन्छ भने यसबाट कति ठूलो असर पर्छ त्यो सहजै बुझ्न सकिन्छ।

**अस्थमाको औषधि**: अस्थमाको औषधिसँगै कफी कहिले पिउनुहुँदैन। अस्थमा क्रोनिक बिमारी हो । जसमा मानिसले नियमितरूपले औषधि सेवन गर्नुपर्छ । तर औषधिसँगै कफी पनि सेवन गर्नुहुन्छ भने यसको भयङ्कर साइड इफेक्ट देखिन्छ। टाउको दुख्ने, पेट दुख्ने, बेचैनी, इरिटेशन आदिको समस्या हुन थाल्छ।

**अस्टियोपोरोसिसको औषधि**: हाड कमजोर हुने गम्भीर बिरामी अस्टियोपोरोसिसमा दिइने औषधि सेवन गरेपछि यदि तपाईं कफी पिउनुहुन्छ भने यसको साइड इफेक्ट देखिन्छ। यस औषधिलाई केवल सादा पानीसँग मात्र लिनुपर्छ । नत्र यस औषधिले कुनै फाइदा पुऱ्याउँदैन।

# अब सासबाट अनलक हुन्छ तपाईंको स्मार्टफोन

भारतीय वैज्ञानिकले दाबी गर्दै भनेका छन्– सास फेर्ने क्रममा हावामा उत्पन्न हुने अशान्तिले बायोमेट्रिक प्रमाणीकरण विधिको रूपमा काम गर्न सक्छ। यसको मतलब हो कि स्मार्टफोन र अन्य डिभाइसलाई त्यस मुभमेन्टबाट अनलक गर्न सकिन्छ । यसको सबैभन्दा ठूलो फाइदा यो हुन्छ कि मृत व्यक्तिको निजी ग्याजेट अनलक हुनेछैन । भारतीय प्रोद्यौगिक संस्थान चेन्नईका महेश पञ्चाग्नुला र उनको टीमले आफ्नो प्रयोगबाट यो जानकारी एकत्र गरेका छन्।



टीमले हावाको दबाब सेन्सरबाट रेकर्ड गरिएको सास लिने तथ्याङ्कको प्रयोग गरेका छन्। शुरूमा वैज्ञानिकको उद्देश्य केवल एउटा एआई मोडेल विकसित गर्नु थियो, जसले साससम्बन्धी बिमारीका रोगीहरूको पहिचान गर्न सकियोस् । एउटा रिपोर्ट अनुसार सास लिने तथ्याङ्कले वैज्ञानिकलाई आशाभन्दा बढी जानकारी दिएको छ।

शोधकर्ता अनुसार एकपटक एआई मोडेलले कुनै विषयको सास लिने तथ्याङ्कको विश्लेषण गर्छ भने यो ९७ प्रतिशत सटीकताको साथ सत्यापित गर्न सकिन्छ कि व्यक्तिले नयाँ सास लिएको छ कि छैन। शोधकर्ताहरूले यो पनि परीक्षण गरेका छन् कि एआई मोडेलले दुई व्यक्तिको सास छुट्याउन सक्छ कि सक्दैन । उनीहरूले यस कार्यलाई ५० प्रतिशतभन्दा बढी सटीकताका साथ पूरा गरेका थिए। वैज्ञानिकको भनाइ छ कि एआई मोडेलले सास लिने समय व्यक्तिको नाक, मुख र घाँटीबाट पैदा हुने अशान्तिलाई विशेष प्याटर्नबाट पहिचान गर्न सक्छ।

यद्यपि यो प्रयोग प्रारम्भिक छ तर पनि उत्साहबर्धक छ। हाल बायोमेट्रिक प्रमाणीकरणका लागि कैयौं प्रकारका प्रविधिको प्रयोग गरिंदै आएको छ। तर बायोमेट्रिक्सको लागि सासको प्रयोग गर्नु एकदमै नयाँ हुनेछ, हामीले थुप्रै फिल्ममा हेरेका छौं, मृत व्यक्तिको ग्याजेट अनलक गरेको। तर सासबाट ग्याजेट अनलक हुन थालेपछि व्यक्तिको मृत्यु भएपनि उसको डिभाइस अब अनलक हुनेछैन।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## राष्ट्रसङ्घद्वारा युक्रेनलाई ४.२ अर्ब अमेरिकी डलर जुटाउने प्रयास


तस्वीरः एजेन्सी

कीभ, २ माघ/सिन्हवा

संयुक्त राष्ट्रसङ्घले द्वन्द्वग्रस्त युक्रेनको समुदाय र शरणार्थीका लागि यस वर्ष ४.२ बिलियन अमेरिकी डलर जुटाउन खोजिरहेको छ। युक्रेनको अस्थायीरूपमा कब्जा गरिएका क्षेत्रहरूको पुनः एकीकरण मन्त्रालयले सोमवार यस्तो जनाएको छ।


विशेषगरी संयुक्त राष्ट्रसङ्घले युक्रेनमा ८५ लाख मानिसलाई मानवीय सहायता प्रदान गर्न दाताबाट ३.१ अर्ब डलर आकर्षित गर्ने योजना बनाएको मन्त्रालयले विज्ञप्तिमार्फत जनाएको हो।

रुस–युक्रेन द्वन्द्वका कारण देशबाट भाग्न बाध्य भएका २.३ मिलियन युक्रेनी शरणार्थीलाई सहयोग गर्न १.१ अर्ब डलर जुटाउने पनि विश्व निकायको लक्ष्य रहेको छ।

युक्रेनी उपप्रधानमन्त्री इरिना भेरेशुकले द्वन्द्वबाट प्रभावित युक्रेनीलाई सहयोग गर्ने संयुक्त राष्ट्रसङ्घीय मानवीय योजनामा कीभले उच्च आशा राखेको बताएकी छन्।

उनले आन्तरिकरूपमा विस्थापित मानिस तथा युद्धबाट भागेर विदेश गएका आफ्ना नागरिकलाई समर्थन जारी राख्नुपर्ने बताएकी छन्।

सन् २०२२ को फेब्रुअरीदेखि करीब ६३ लाख मानिस युक्रेनबाट पलायन भएका संयुक्त राष्ट्रसङ्घले जनाएको छ। युक्रेनी अधिकारीहरूका अनुसार देशभित्र करीब ४९ लाख मानिस विस्थापित भएका छन्। रासस


**सोलुखुम्बुका हिमालहरू कालापत्थरमा परिणतः** समयमा हिमपात नहुँदा हिमाली जिल्ला सोलुखुम्बुका सेता हिमालहरू क्रमशः कालो बन्दै। समयमा हिमपात तथा वर्षा नहुँदा सधैंजसो चाँदीझैं टलक्क टल्कने सेता हिमालहरू कालापत्थरमा परिणत हुँदै गएका हुन्। तस्वीरः रासस

## कुर्दिस्तानमा रहेको आतङ्कवादी अड्डाहरूविरुद्ध मिसाइल आक्रमण

तेहरान, २ माघ/सिन्हवा

इरानको इस्लामिक रिभोलुशन गार्ड्स कोरले सिरिया र इराकको कुर्दिस्तान क्षेत्रमा आतङ्कवादी र इजरायलको गुप्तचर सेवा मोसादको अड्डाविरुद्ध ब्यालेस्टिक क्षेप्यास्त्रको ब्यारेज प्रहार गरेको जनाएको छ।

आइआरजिसीले मङ्गलवार बिहानै सेपाह समाचारमा प्रकाशित तीनवटा विज्ञप्तिमा आक्रमणको घोषणा गरेको छ। यी आक्रमणहरू मध्यरातमा बलुचेस्तानमा हालैका आतङ्कवादी हमलाहरूको प्रतिक्रियाको रूपमा गरिएको बताइएको छ।

इराकी सुरक्षा स्रोतका अनुसार इराकी कुर्दिस्तानको राजधानी एर्बिलमा आइआरजिसीले गरेको मिसाइल आक्रमणमा चारजनाको मृत्यु भएको छ।

जनवरी ३ मा दुईजना आत्मघाती आतङ्कवादीले केरमानमा इरानी जनरल कासिम सुलेमानीको चिहाननजीकै दुईवटा बम विस्फोट गराएको बताइएको छ। सो विस्फोटमा ९० जनाभन्दा बढीको मृत्यु भएको र २८० जना घाइते भएका छन्।

सो बम विस्फोटको जिम्मेवारी आइएस आतङ्कवादी समूहले लिएको थियो। रासस

## श्रीलङ्कामा पाँच हजारभन्दा बढी डेङ्गु बिरामी

कोलम्बो, २ माघ/सिन्हवा

श्रीलङ्कामा यसै वर्षको जनवरीमा हालसम्म पाँच हजारभन्दा बढी डेङ्गु सङ्क्रमित बिरामी फेला परेका छन्। राष्ट्रिय डेङ्गु नियन्त्रण एकाइले मङ्गलवार जनाए अनुसार जनवरीको पहिलो आधामा ५,८२९ जनामा सङ्क्रमण देखिएको उल्लेख छ।

पश्चिमी प्रान्तमा सबैभन्दा बढी १,९५६ मामिला रिपोर्ट गरिएको छ भने उत्तरी प्रान्तमा १,३९० मामिला छन्।

गत वर्ष श्रीलङ्कामा ८८,३९८ डेङ्गु घटना रिपोर्ट गरिएको थियो, जसमा ५७ जनाको मृत्यु भएको थियो।

जनवरीको शुरूमा स्वास्थ्य मन्त्रालयले लामखुट्टेबाट हुने रोग विस्तार रोक्न देशव्यापी डेङ्गु रोकथाम सप्ताह घोषणा गरेको थियो। रासस

## पूर्वराजा शाहद्वारा रौतहट शिवनगर मन्दिरमा पूजाअर्चना

प्रस, रौतहट, २ माघ/

पूर्वराजा ज्ञानेन्द्र शाहले शिवनगरस्थित महादेव मन्दिरमा मङ्गलवार पूजापाठ गरेका छन्। केही दिनअघि सिमरा आएका पूर्वराजाले यस क्षेत्रको धार्मिकस्थलमा पूजाअर्चना गर्ने कार्यक्रम तय भए अनुसार आज शिवनगर चोकबाट पैदल हिंडेर मन्दिर पुगेर पूजाअर्चना गरेका थिए।

सो क्रममा समर्थकहरूले बाटोमा पूर्वराजालाई फूलमाला लगाइ स्वागत गरेका थिए। समर्थकहरूले 'राजा आऊ देश बचाऊ'को नारा लगाएका थिए। पूर्वराजा शाहको सुरक्षामा नेपाल प्रहरी र सशस्त्र प्रहरीको बाक्लो उपस्थिति थियो।


तस्वीरः सौजन्य

## नेप्से परिसूचकमा ५४ अङ्कको वृद्धि

काठमाडौं, २ माघ/रासस

यो महिना बैंकहरूले कर्जाको ब्याजदर थप घटाएसँगै शेयर बजारमा उच्च अङ्कको वृद्धि देखिएको छ। मङ्गलवार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ५४ दशमलव ५४ अङ्क अर्थात् दुई दशमलव ५७ प्रतिशतले बढेर दुई हजार १७५ दशमलव १७ को बिन्दुमा कायम भएको छ। आज ३०४ कम्पनीका दुई करोड ३३ लाख ७० हजार ५३ कित्ता शेयर एक लाख ३३ हजार ६१ पटक खरीद–बिक्री हुँदा रु आठ अर्ब दुई करोड ३८ लाख ६२ हजार ४०६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

नेप्सेका सबै सूचक तथा उपसूचकहरू हरिया देखिएका छन्। सेन्सेटिभ इन्डेक्स दुई दशमलव ३८, फ्लोट इन्डेक्स दुई दशमलव ७२ र सेन्सेटिभ फ्लोट इन्डेक्स दुई दशमलव ५९ प्रतिशतले बढेका छन्। सबै समूहका उपसूचक बढेका छन्। सबैभन्दा धेरै वित्त समूहका उपसूचक चार दशमलव ७५ र लगानी समूहको उपसूचक तीन दशमलव ७० प्रतिशतले बढेका छन्।

पाँच कम्पनीको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ। बुटवल पावर कम्पनी लिमिटेड, युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड, हिमालयन पावर पार्टनर लिमिटेड, एनआरएन इन्फ्रास्ट्रक्चर एन्ड डेभलपमेन्ट लिमिटेड र नेपाल वेयरहाउसिङ कम्पनी लिमिटेडका शेयर मूल्य १० प्रतिशतले बढेका छन्। आज सबैभन्दा धेरै घट्नेमा भने ज्योति विकास बैंक बन्ड २०८७ को शेयर मूल्य नौ दशमलव ९९ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रु २८ करोड ३१ लाख ५५ हजार ८०२ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सबैभन्दा धेरै हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेडका ११ लाख ५० हजार १३४ कित्ता शेयर किनबेच भएका छन्।

### नागमती ...

अघि सम्पन्न भई चालू भइसकेको छ। यो बाँध बाग्मती नदीमा जल व्यवस्थापन तथा सफा पानी प्रवाह गर्ने उद्देश्यसहित निर्माण गरिएको हो। धाप बाँध निर्माणपछि काठमाडौं उपत्यकाबाट नजीकको यस स्थलमा बाह्य तथा आन्तरिक पर्यटकको आवागमनसमेत बढेको छ।

बाँध निर्माणपछि बाग्मती नदीको जल व्यवस्थापनका साथै वर्षायाममा खेर जाने पानी सङ्कलन गरी सुक्खायाममा प्रवाह गर्ने गरिएको अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिका आयोजना प्रमुख चक्रवर्ती कण्ठले जानकारी दिए। "यस बाँधबाट जलजन्य पर्यावरणको सुधारका साथै धार्मिक, सांस्कृतिक पर्यटनको विकास तथा भूमिगत जल पुनःभरणमा समेत योगदान पुगेको छ। यसको निर्माणपछि बाग्मतीको पवित्रता, सुन्दरता र स्वच्छता जोगाउन सहयोग पुगेको छ। हाल विभिन्न नौ चाडपर्वमा १४ दिन बाग्मती नदीमा उक्त बाँधबाट आवश्यकता अनुसार थप पानी छोड्न शुरू गरिएको छ"–उनले भने।

त्यसैगरी बाँध निर्माणपछि हालसम्म मेलम्ची खानेपानी आयोजनामा पानी कम भएका बेला विभिन्न समयमा गरी ३० करोड लिटर पानी सुन्दरीजलस्थित खानेपानी प्रशोधन केन्द्रमा सोधभर्ना गर्ने गरी पठाइसकिएको आयोजना प्रमुख कण्ठले बताए। सन् २०१५ अक्टोबर ९ मा सम्झौता भई सन् २०२२ अक्टोबर १५ मा निर्माण सम्पन्न भएको यो बाँध करीब रु ५२ करोड लागतमा निर्माण भएको हो। नागमती नदीको मुहानमा निर्माण गरिएको यस बाँधमा तीन ठाउँमा सहायक (स्याडल ड्याम) र एक मुख्य ड्याम निर्माण गरिएको छ।

चौबीस मिटर अग्लो बाँध निर्माण गरी वर्षात्को पानी सङ्कलन गरेर सुक्खा समयमा चाडपर्व र आवश्यकता अनुसार बाग्मती नदी प्रवाहमा सुधार ल्याउने उद्देश्यका साथ निर्माण गरिएको यस ड्यामको भण्डारण क्षमता १४ लाख २६ हजार घनमिटर रहेको छ। यो बाँधको जलाशयको कुल क्षेत्रफल १५ हेक्टरमा फैलिएको छ।

बाँध निर्माणपछि यस क्षेत्रको पर्यटकीय विकासका साथै वन्यजन्तु, जैविक विविधता तथा पर्यावरण जोगाउनसमेत मदत पुगेको छ। बाँध निर्माण अघि सो क्षेत्रमा पर्यटक प्रवेश शुल्कबाट वार्षिक रु एक करोड ८० लाख राजस्व सङ्कलन हुने गरेकोमा बाँध निर्माणपछि करीब पाँच करोड राजस्व सङ्कलन भएको निकुञ्ज कार्यालयले जनाएको छ।

**बाँधको महत्त्व र विश्वमा बाँधको अवस्था**

'इन्टरनेशनल कमिशन अन लार्ज ड्याम' (आइकोल्ड) संस्थाले विश्वभर १५ मिटरभन्दा अग्ला आकारका ठूला बाँधको दर्ता गर्ने गरेको छ। उक्त मापदण्ड अन्तर्गत नेपालमा हालसम्म कुलेखानी, फेवा, धाँप, अन्य जलविद्युत्का बाँध गरी कुल छ बाँध रहेका छन्। पछिल्लो तथ्याङ्क अनुसार विश्वमा भने ५८,७१३ बाँध छन् जसमध्ये चीनमा २३,८४१ संयुक्त राज्य अमेरिकामा ९,३६३ भारतमा ४,४०७ (थप ८०० निर्माणाधीन) र अन्य विभिन्न देशमा रहेका छन्।

विश्वका ठूला एउटै नदीमा रहेका सबैभन्दा धेरै बाँधमध्ये चीनको यात्से नदीमा एक हजार, अमेरिकाको मिसिसीपी नदीमा एक हजार, भारतको गोदावरी नदीमा ३५० बाँध रहेका छन्। बाँधलाई विश्वकै 'गेम चेन्जर प्रोजेक्ट' मानिन्छ। चीनको थ्री ग्रजेज, अमेरिकाको होभर र भारतको भाखरा बाँध यसका उदाहरण हुन्। विश्वमा ३० प्रतिशत खाद्यान्न उत्पादन बाँधको सिंचाइमा निर्भर छ। बाँधको उपयोग बाढी नियन्त्रण, सिंचाइ, जलविद्युत्, माछापालन, खानेपानी र अन्य काममा गरिन्छ।

### बारोका ...

आयोगले गरेका अधूरा, अपूरा काम कम्प्युटरमा प्रविष्ट गरिसकेको, प्रमाणहरू अपुग भएका फाइलहरू प्रमाण पूरा गरी ल्याउन निजगढ नपाको जिम्मामा फिर्ता पठाइसकेको, सोही नपाका वडा नं १, २, ३ सिंगौल र वडा नं ८ स्थित सुकुमबासी बस्तीमा नयाँ नापी भएकाले त्यसका लागि भूमिहीन तथा अव्यवस्थित बसोवासी व्यवस्थापन सहजीकरण समिति निजगढको बैठकले निर्णय गरी फाइलहरू नपठाउँदा काम अघि बढ्न नसकेको आयोगले जनाएको छ। पटकपटक स्थानीय तहलाई घचघच्याइरहेका छौं। तर कामले गति लिन नसकेको आयोगले जनाएको छ।

त्यसैगरी, जीतपुर उपमहानगरपालिका वडा नं १५ मा एकपटक सूचना प्रकाशित गर्दा केही कुराहरू अधूरो फेला परेपछि पुर्जा वितरण गर्न नसकेको र सो परिपूर्ति गरी पुनः सूचना प्रकाशित गरी सबै प्रमाण, प्रक्रिया पूरा गरी चाँडै नै पुर्जा वितरण गर्ने तयारीमा आयोग रहेको अध्यक्ष उप्रेतीले बताए।

त्यसैगरी, सोही उपमहानगरपालिका १ पथलैयाका अपूरो, अधूरो कार्यलाई स्थलगतरूपमा पुनः नापजाँच गरी नक्शा तयार गरी कामलाई तीव्रताका साथ अघि बढाइरहेको, सोही उमनपा–२२ चकरीमा पनि नयाँ नापीको काम भइरहेको र कोल्हवी नगरपालिकाको काम पनि अघि बढिरहेको उनले जानकारी दिए।

जिल्ला प्रशासनबाट खरिदार, सुब्बा पदका कर्मचारी माग गरिए पनि हालसम्म उपलब्ध नभएको, जिल्ला आयोगमा छजना मात्र अमिन रहेको त्यसमध्येबाट एकजना सर्वेक्षकलाई जिल्ला आयोगको कार्यालयमा राखेर काम अघि बढाइरहेको अवस्थाले पनि काममा निकै ढिलाइ भइरहेको देखिन्छ।

यसपटक जग्गाधनी पुर्जा वितरण गरी सधैंका लागि भूमिहीन तथा अव्यवस्थित बसोवासीको विषय कहिल्यै नदोहोरिने गरी सरकारले योजना बनाउँदै सातै प्रदेशका प्रत्येक जिल्लामा आयोग गठन गरी काम अघि बढाइएको सरकारले घोषणा गरेको थियो। तर सरकारले आवश्यक जनशक्ति उपलब्ध नगराउँदा सरकारले भन्ने र गर्ने कुरामा भिन्नता देखिएको छ। १० वर्षसम्म निरन्तर बसोवास एवं खेतीपाती गर्दै आइरहेको वन क्षेत्र भएपनि आयोगले नापजाँच गरी जग्गाधनी पुर्जा बनाइदिनुपर्ने भनिए पनि सरकारले वन ऐन कानून संशोधन नगर्दा सरकारको दोहोर चरित्र उदाङ्गो भएको छ।

वन ऐन कानून संशोधन नगर्दासम्म त्यस्ता प्रकृतिका जमीन नापजाँच गर्न नसकिने भएपछि भूमिहीन तथा अव्यवस्थित बसोवासीको लागि लालपुर्जा तयार गर्न कानूनी बाधा, अडचन आएको आयोगका अध्यक्ष उप्रेतीले बताए।

त्यसैगरी, राष्ट्रिय भूमि आयोग जिल्ला समिति बारासँग जिल्लाभरिका भूमिहीन तथा अव्यवस्थित बसोवासीको यकीन तथ्याङ्क अद्यावधिक छैन।

यस्ता नक्कली कुरा गर्दै जनतालाई झुक्याउन राजनीतिक दल र सरकार कम माहिर देखिंदैनन्। अझै यिनै राजनीतिक दलहरू मिशन ८४ भन्दै भूमिहीन तथा अव्यवस्थित बसोवासीको नाममा फेरि जनतालाई झुक्याउँछन्।

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | व्यर्थभ्रमण | वृष | धनलाभ |
| मिथुन | सफलता | कर्कट | ईश्वरभक्ति |
| सिंह | वादविवाद | कन्या | व्यापारलाभ |
| तुला | शत्रुपराजय | वृश्चिक | सुसमाचार |
| धनु | भयचन्तिा | मकर | मित्रमिलन |
| कुम्भ | अतिथिआगमन | मीन | सुयश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**घोनसार शुरूः** घोनसार जाडो मौसममा सञ्चालन हुन्छ। पराल, उखुको पातलगायत चुलोमा बालेर चामल, चना, केराउ भुट्ने गरिन्छ। चीसो मौसममा गाउँलेहरू घरमैं बस्ने भएकाले घोन्सारमा चामल, चना, मकै, केराउ आदि भुटेर खाने गर्छन्। घोनसार गोढ जातिले चलाउने गर्छ भने गर्मी मौसम आएपछि घोनसार बन्द हुने गर्छ। तस्वीरः नरेश यादव

# अत्यधिक चीसोका कारण जनजीवन कष्टकर

बलिराम शुक्ल, बिरुवागुठी, २ माघ/

अत्यधिक चीसो तथा शीतलहरका कारण पर्साका ग्रामीण भेगको जनजीवन कष्टकर बन्दै गइरहेको छ।



तस्वीरः प्रतीक

केही दिनदेखि अत्यधिक चीसो हावा बढ्नुका साथै शीतलहरका कारण वृद्धवृद्धा, बालबालिका र दैनिक ज्यालादारी गरी परिवार पाल्दै आएका अतिगरीब, विपन्न परिवारको जनजीवन कष्टकर बन्दै गइरहेको छ। चीसो हावाका कारण विशेष कामले घरबाहिर जानेहरूलाई समस्या हुन थालेको छ। त्यस्तै, बालबालिका, वृद्धवृद्धा, दीर्घरोगीहरूलाई झनै समस्या भएको छ।

दैनिक ज्यालादारी गरी परिवार पाल्दै आइरहेका अतिविपन्नहरू अत्यधिक चीसोका कारण काममा जान नपाउँदा परिवार पाल्न कठिनाइ भएको पर्सागढी नगरपालिका–३ का मजदूर शिवनाथ माझी बताउँछन्। उनले यस वर्ष न्यानो कपडा तथा दाउरा वितरण गर्न कोही नआएको गुनासो गरे।

विपन्न परिवारलाई राहत दिन स्थानीय पालिकाले अहिलेसम्म तयारी गरेको देखिंदैन। पर्सागढी नगरपालिका स्वास्थ्य शाखा प्रमुख नारायणप्रसाद पौडेलले अत्यधिक चीसो बढेपछि दम, खोकी, निमोनिया, श्वासप्रश्वासका रोगी, शिशु तथा बालबालिकाहरूको शरीरको तापक्रम कम हुन गई स्वास्थ्यमा असर पर्ने बताए।

उनले दीर्घरोगी र बालबालिकाहरूलाई न्यानो कपडा लगाउन, घरभित्र बस्न, मनतातो पानी सेवन गर्न, पोषिलो, झोलिलो खानेकुरा खान सुझाव दिए। उनले अत्यधिक चीसोका कारण रक्तनली सुक्ने तथा साँघुरो हुने हुँदा आगो ताप्न र मदिराको सेवन नगर्न सुझाव दिएका छन्।

# दुर्घटनामा दुईजनाको मृत्यु

प्रस, जनकपुर, २ माघ/

भङ्गाहा–जयनगर रेलभित्र लडेर एकजना यात्रीको मृत्यु भएको छ। महोत्तरीको लोहारपट्टी नगरपालिका–४ खुट्टापिपराढीका ५० वर्षीय रामएकबाल पण्डितको लडेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रवक्ता प्रहरी नायब निरीक्षक रञ्जन अवालेले बताए।

मङ्गलवार बिहान ८ बजे महोत्तरीको भङ्गाहाबाट जयनगरतर्फ जान लागेको रेलमा पण्डित चढेका थिए। टिटीले टिकट चेक गर्न जाँदा अचानक रेलको डिब्बाभित्र लडेर उनको मृत्यु भएको प्रवक्ता अवालेले बताए।

यसैगरी, सर्लाही, ईश्वरपुर नगरपालिका–११ कर्ममुहान चोकमा ज.२प १७२५ नम्बरको मोटरसाइकल र बाग्मती प्रदेश ०१–०२६ च ०७५९ नम्बरको पिकअप एकापसमा ठक्कर खाँदा सोमवार मोटरसाइकल चालक चन्द्रनगर नगरपालिका–३ बस्ने ३५ वर्षीय राजनारायण महतोको मृत्यु भएको छ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल मङ्गवामा उपचारको क्रममा मृत्यु भएको हो। पिकअप चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।






# खेलकूदको संसार

## एनआई कप टी–२० : हेटौंडा र नेशनल इन्फोटेक विजयी

प्रस, वीरगंज, २ माघ/

नारायणी क्रिकेट मैदानमा जारी नेशनल एकेडेमी (एनआई) कप टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत मङ्गलवार भएको



पहिलो खेलमा हेटौंडा स्कूल अफ कलेजले वीरगंज कलेजलाई ७२ रनअन्तरले पराजित गरेको छ।

टस जितेर पहिले ब्याटिङ गर्दै हेटौंडा स्कूल अफ कलेजले २० ओभरमा तीन विकेट गुमाएर १६३ रन बनाएको थियो। हेटौंडाका ज्ञानेन्द्र कुशवाहाले ५२ बलमा ६२ रन बनाए। साहेब यादवले २२ बलमा ४३ रन बनाए भने गौरव श्रेष्ठले ३३ बलमा २० रन बनाएका थिए।

वीरगंज कलेजका मुकेश साहले एक विकेट लिए। १६४ रनको विजयी लक्ष्य लिएर मैदानमा उत्रेको वीरगंज कलेज १८.५ ओभरमा सबै विकेट गुमाएर ९१ रनकम समेटियो। वीरगंज कलेजका अर्जुन साहले १३ र आकाश यादवले १२ रन बनाएका थिए।

हेटौंडा स्कूलका प्राञ्जल उपाध्याय एक्लैले पाँच विकेट लिए भने विकेश दास र राजा अहमदले दुई/दुई विकेट लिए। यस खेलको 'म्यान अफ दी म्याच' हेटौंडाका ज्ञानेन्द्र कुशवाहा घोषित भए।

त्यस्तै, दोस्रो खेलमा नेशनल इन्फोटेक कलेज विजयी भएको छ। नेशनल इन्फोटेकले ज्ञानदालाई १०७ रनको फराकिलो अन्तरले पराजित गरेको थियो। टस जितेर ब्याटिङ रोजेको नेशनल इन्फोटेकले २० ओभरको खेलमा तीन विकेट गुमाउँदै १७१ रन बनाएको थियो।

नेशनलका राहुल महतोले ६५, सफवान अलिले ६४ र राहुल हकले १९ रन बनाएका थिए। ज्ञानदाका फैजल अजाम र परवेज आलमले एक/एक विकेट लिए।

प्रतिउत्तरमा १७२ रनको लक्ष्य लिएर मैदानमा उत्रेको ज्ञानदा १६.३ ओभरमा सबै विकेट गुमाएर ६४ रनमा समेटियो। ज्ञानदाका धीरज पटेलले १२ र सुमितकुमार पटेलले ११ रन बनाए। नेशनल इन्फोटेकका सलमान मन्सुरीले तीन, आसबाबू र अरबाज हुसेनले दुई/दुई विकेट लिए।

यस खेलको 'म्यान अफ दी म्याच' नेशनल इन्फोटेकका सफवान अलि घोषित भए।

## प्रधानमन्त्री कपः नेपाल पुलिसद्वारा कोशी प्रदेश पराजित

काठमाडौं, २ माघ/रासस

प्रधानमन्त्री कप एक दिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा नेपाल पुलिस क्लबले जीत हासिल गरेको छ। जीतको लागि १६७ रनको विजयी लक्ष्य पछ्याएको पुलिसले २३ दशमलव एक ओभरमा तीन विकेट गुमाउँदै पूरा गर्‍यो। पुलिसको जीतमा अर्जुन साउदले सर्वाधिक ६२ रन बनाए। उनले ६३ बलमा पाँच चौका र दुई छक्कासहित ६२ रनमा अविजित रहे।




त्यस्तै, दीपेन्द्रसिंह ऐरीले अविजित ३८ रन बनाए। उनले १७ बलमा चार चौका र दुई छक्कासहित ३८ रन बनाए। दिलीप नाथले ३१ बलमा दुई चौका र एक छक्कासहित ३१ बनाए। यसैगरी, कुशल भुर्तेलले १२ र सुनील धमलाले १६ रन बनाए। कोशीका कमल खत्रीले दुई र सोनु मण्डलले एक विकेट लिए।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि मैदानमा भएको खेलमा कोशी प्रदेशले ४८ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै १६६ रनको योगफल बनाएको थियो। कोशीको लागि सुजन थपलियाले १०५ रनको योगदान गरे। उनले १२६ बलमा आठ छक्का र छ चौकाको मदतले सर्वाधिक १०५ रनको योगदान गरे। यसैगरी, अभ्यास तिमिल्सिनाले २३ र कप्तान अङ्कित सुवेदीले १० रन बनाए।

सुजनले आठौं विकेटका लागि अभ्याससँग ९९ रनको साझेदारी गरेका थिए। यता पुलिसका लागि करण केसीले तीन विकेट लिए भने ललितनारायण राजवंशी र सुनील धमलाले समान दुई/दुई विकेट झारे। त्यस्तै, राशिद खान, सागर ढकाल र कुशल भुर्तेलले समान एक/एक विकेट लिए।

# पोखरियामा हेन्डीक्राफ्टसम्बन्धी तालीम शुरू



तस्वीरः प्रतीक

प्रस, पोखरिया, २ माघ/

पोखरिया नगरपालिकाको सहयोग र रुलर डेभलपमेन्ट सेन्टरको आयोजनामा हेन्डीक्राफ्टसम्बन्धी १० दिने तालीम सोमवारदेखि पोखरियामा शुरू भएको छ।

वडाध्यक्ष लछुमनसाह कानूको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि पोखरिया नगरपालिकाकी उपप्रमुख रूबी ठाकुरले तालीममा भत्ता र नास्ताको लागि सहभागी नहुन सुझाव दिइन्। उनले पालिकाबाट हरेक वर्ष विभिन्न किसिमका तालीम सञ्चालन हुने गरेको तर व्यवहारमा लागू नभएको बताइन्। उपप्रमुख ठाकुरले तालीममा सिकेका कुराहरू व्यवहारमा लागू गर्न सुझाव दिइन्।

कार्यक्रममा नरेन्द्र साह, राजकपूर पटेल, धर्मेन्द्र चौरसियालगायतले मन्तव्य व्यक्त गरेका थिए भने कार्यक्रमको सहजीकरण ललन पटेल गरेका थिए। तालीममा प्रशिक्षण पूनम पटेलले दिइरहेकी छन्। तालीममा साडी, पर्दामा बुट्टा तथा फल्स लगाउन सिकाइँदैछ।


## क्यान्सरबाट बचौं, स्वस्थ रहौं

क्यान्सर रोगका कारणः
- वंशाणुगत कारण,
- निष्क्रिय जीवनशैली,
- विषादीयुक्त खाद्य पदार्थको प्रयोग,
- प्रदूषित वायुमण्डल,
- तारेको, झानेको तथा फास्ट फूड एवं जङ्क फूडलगायत अस्वस्थकर खानाको उपभोग,
- नूनको बढी सेवन,
- मदिरा तथा सुर्तीजन्य पदार्थको सेवनले क्यान्सर जस्तो प्राणघातक रोग लाग्न सक्दछ।

यसबाट बच्न,
- पान, सुपारी, गुट्का, चुरोटलगायतका सुर्तीजन्य पदार्थ र मदिराको सेवन नगरौं,
- प्रशस्त मात्रामा फलफूल तथा हरियो सागसब्जीलगायत स्वस्थकर र ताजा खाना खाने गरौं,
- लामो समय राखिएका, तारेका, झानेका तथा फास्ट फूड एवं जङ्क फूडको उपभोग घटाऔं,
- नूनको उचित मात्रामा प्रयोग गरौं,
- नियमित शारीरिक अभ्यास गरौं र सक्रिय जीवनशैली अपनाऔं।
- स्वस्थ्य रहौं, दीर्घ जीवनयापन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड